# नमस्ते!

आड्रा नेपाल : होप एन्ड हिलिङ् इन द हिमालयाज

डिसेम्बर २००८



## यस अंकमा


परिचय
देशीय निर्देशकको तर्फबाट २
संस्थापक देशीय निर्देशकको सन्देश ३
आड्रा नेपालका बारेमा ४
लक्ष्यस्तम्भ ५
दाता तथा साझेदारी संस्थाहरूको भनाइ ६
आड्रा नेपालका देशीय निर्देशकहरू १०
आड्रा नेपालका उपलब्धिहरू ११
सफलताका कथाहरू १२
समाचार १३




व्यक्तिक र सामुदायिक विकास तथा प्रकोपसम्बन्धी राहत प्रदान गर्न सेभन्थ डे एडभेन्टिस चर्चद्वारा स्थापित एडभेन्टिस डेभलपमेन्ट एन्ड रिलिफ एजेन्सी (आड्रा) स्वतन्त्र परोपकारी नियोग हो । आड्राले खासगरी महिला, बाालबालिका तथा वृद्धवृद्धाजस्ता अति सङ्कटाभिमुख जनसमुदायको खरखाँचो पूरा गर्न धर्मलाई आधार नमानी सहयोग गर्छ ।

## विशेष अंक

### *२० औं वार्षिकोत्सव मनाउदैं आड्रा नेपाल*

हाल नेपालका ३५ वटा जिल्लाहरूमा विविध कार्यहरू गर्ने आड्रा नेपाल सन् १९८७ मा स्थापना भएको हो । आड्रा नेपाल जातीयता, लैङ्गिक, राजनीतिक तथा धार्मिक पक्षहरूबाट अलग रहदैं समुदायको विकासको लागि सरकारी तथा अन्य गैर सरकारी संस्थाहरूसँग साझेदारी गर्दै अगाडि बढेको छ । आड्रा नेपाल समाज कल्याण परिषद् अर्न्तगत रहेर काम गर्दछ ।

आड्रा नेपालले विशेषत प्रजनन स्वास्थ्य, शिक्षा, आर्थिक विकास, दैवी प्रकोप व्यवस्थापन र उद्धार र सुशासनका क्षेत्रमा काम गर्दछ । यी पाँच प्रमुख परियोजनाहरूमध्ये आड्रा नेपालले प्रजनन स्वास्थ्यलाई आफ्नो प्रमुख परियोजनाको रूपमा लिएको छ ।

(बाँकी पृष्ठ ४मा)


सर्म्पक ठेगाना

आड्रा नेपाल, पो.ब.नं. ४४८१, काठमाडौं, नेपाल । फ्याक्स : +९७७-१-५५५४२५१, फोन : +९७७-१-५५५५९१३, ५५५५९१४
इमेल : info@adranepal.org, वेव : www.adranepal.org

# निर्देशकको तर्फबाट



आड्रा नेपालको स्थापना, यसको लक्ष्य, यसले भोगेका समस्या र चुनौतीहरू र ती चुनौतीहरूसँग लड्ने कार्यशैली, यसले पाएका सफलता जस्ता सम्पूर्ण आड्रा नेपालका कार्यहरू र कार्य क्षमतालाई समेटिएको आड्राको इतिहासको रूपमा २० औं वार्षिकोत्सवको अवसर पारेर प्रकाशित यो विशेष अंक तपाई सामु ल्याउन पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ। आड्रा नेपालले नेपाल जस्तो सुन्दर र भौगोलिक विविधता भएको देशमा आफ्नो कार्यकालको २० वर्ष पुऱ्याएको छ । मैलें यो सफलतालाई अत्यन्तै नजिकबाट बुझ्ने र महशुस गर्ने अवसर पाएको छु। यो सफलताले सम्पूर्ण नेपाली, आड्रा नेपालमा काम गर्ने कर्मचारी, साझेदार संस्थाहरू, दातृ समुदायलाई खुसी बनाउने छ भन्नेमा विश्वस्त छु ।

स्वास्थ्यप्रति मानिसमा सकारात्मक विकास गर्दै देश तथा समुदायको विकास गर्ने उद्देश्यले २० वर्ष पहिले आड्रा नेपालको स्थापना हुँदा नेपालको राजनीतिक, सामाजिक परिवेश भिन्न थियो । त्यो समय नेपालको जनसङ्ख्या पनि कम थियो । काठमाण्डौंको जनसङ्ख्या करिब ५ लाख मात्र थियो । पञ्चायती व्यवस्थाका कारण नेपालीले सम्पूर्ण अधिकारको उपभोग गर्न पाइरहेका थिएनन् । मानवअधिकार, लैङ्गिक विभेदता जस्ता विषयमा हामीले आवाज उठाउन पाउने थिएनौं । समग्रमा भन्नुपर्दा नेपाली जनता पूर्ण रूपले स्वतन्त्र थिएनन्। राजनीतिक रूपमा अस्थिर नेपाललाई त्यतिबेला गरिबीले गाँजिरहेको थियो । ५०% भन्दा बढी मानिस गरिबीको रेखामुनि थिए । गरिबी र अशिक्षाका कारण विकासका कार्यहरू अगाडि बढ्न सकिरहेका थिएनन् । त्यस्तो विषम परिस्थिति, आक्रान्त समयमा आड्रा नेपाल महाराजगंजको एउटा कोठामा स्थापना भएको थियो र आज आड्रा नेपालले सफलता पूर्वक २० वर्ष पुऱ्याएको छ । आड्रा नेपालको स्थापना हुँदा नेपालमा २० वटा मात्र अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरू थिए होलान् तर पनि समय प्रतिकुल नभएका कारण आफ्ना कार्यहरू गर्न सकिरहेका थिएनन् ।

खोकानामा सन् १९८८ देखि १९९० सम्म सञ्चालित कुष्ठरोग निवारण परियोजना र कुष्ठरोगीलाई पुर्नवास परियोजना नै आड्रा नेपालको प्रथम परियोजना हो। यस परियोजनाबाट कार्य थालनी गरेको आड्रा नेपालले अहिलेसम्ममा कुष्ठरोगीहरूलाई समाजमा अपहेलित हुनबाट बचाउन र रोगीहरूप्रतिको समुदायमा सकारात्मक सोचको विकास गर्नको लागि १७३ सामुदायिक बहुउद्देश्यीय आश्रम र स्वास्थ्य स्याहार केन्द्रको स्थापना गरिसकेको छ। पहिलो देशीय निर्देशकका रूपमा पाउल डलहन्टीले तीन जना कर्मचारी सहित स्थापना गर्नुभएको आड्रा नेपालका शुरूवाती साझेदारी संस्थाहरू नेपाल कुष्ठरोग निवारण संघ, आम्डा अस्पताल, नेपाल रेडक्रस सोसाइटी, काभ्रे, र शिर मेमोरियल अस्पताल थिए। डलहन्टीले त्यतिबेला समाज कल्याण समन्वय परिषद्सँग गर्नुभएको सम्झौताले नै आज आड्रा नेपालले आफ्ना कार्यहरू सम्पादन गर्न सफल भएको छ ।

वातावरण प्रदुषणको प्रमुख कारण मानिएको नेपालको छाला उद्योगलाई प्रथम राष्ट्रिय हृदय रोग प्रतिष्ठानको स्थापना गर्नु आड्रा नेपालको एक मुख्य उपलब्धि हो । नेपालमै प्रथम मुटु शल्यक्रिया स्वास्थ्य मन्त्रालयसँगको साझेदारीमा आड्रा नेपालको संयोजकत्वमा सम्पन्न भएको यथार्थ तपाईंलाई थाहा नभएको पनि हुन सक्छ, अचम्म लाग्न सक्छ। स्थापना पछिका १० वर्षमा काभ्रे जिल्लाका ८६ गा.वि.स मध्ये ४६ गा.वि.स.मा र तीनवटा नगरपालिकामा झण्डै ६०% मानिसलाई स्वास्थ्य सेवा प्रदान गर्न सक्नु नै आड्रा नेपालको सफलता तथा उपलब्धि हो ।

नेपालका ३५ जिल्लामा करिब १४ लाख विपन्न वर्गको जीवन स्तर सुधार्नको लागि २० वर्ष पुगेको आड्राले पाँच मुख्य परियोजना अर्न्तगत विभिन्न २५ क्षेत्रमा काम गरिरहेको छ । तीनवटा क्षेत्रिय कार्यालयका साथै १२ शाखा कार्यालयको स्थापना भइसकेको छ । गरिबीको रेखामुनि रहेका अति विपन्न वर्गमा पुगेर उनीहरूको जीवन सुधार्ने हाम्रो लक्ष्यलाई २५ दातृ निकायहरूले साथ दिएका छन्। २० वर्षे लामो यात्रा पार गरिसकेका हामी अझै पनि हाम्रा परियोजनाहरू निरन्तर अगाडि बढाउने छौं। नेपाललाई दक्षिण एशियाको मुटु, महत्वपूर्ण देशको रूपमा चिनाउनुमा आड्रा नेपाल अग्रसर भएर लागिरहनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

हाम्रा हरेक परियोजनालाई विश्वास गर्दै हामीलाई सहयोग गर्ने दातृ निकाय, नेपालमा काम गर्न स्विकृति प्रदान गर्ने नेपाल सरकार, साझेदारी संस्थाहरू, जिल्ला समन्वय समिति तथा जिल्लाका सरकारी कार्यालयहरू, गाउँ विकास समितिहरू, स्थानिय समुदाय र आड्रामा कार्यरत सम्पूर्ण कर्मचारीको उत्साह, आकांक्षा र लगनशिलता नभएको भए हामी यसरी २० वर्ष पुरा गर्न सक्ने थिएनौं । यसरी हाम्रा हरेक कदममा साथ दिने सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु ।

हाम्रो कार्य अझै पनि सकिएको छैन। एक समयमा एक जीवन परिवर्तनसँगै संसारको परिवर्तन लक्ष्यसँगै हामी अगाडि बढ्दै छौ र यो कार्यमा सहयोग गर्न सम्पूर्णलाई अनुरोध गर्न चाहन्छु ।

इभान क्यास्ट्रो
देशीय निर्देशक

## आड्रा अर्न्तराष्ट्रिय निर्देशकको तर्फबाट शुभकामना



२० वर्षसम्म नेपालीको जीवनस्तर उकास्नको लागि गरेका अथक प्रयासका लागि आड्रालाई धन्यवाद । आड्रा सञ्जालमा रहेर हामीले जे गर्छौं त्यो सधैं फरक तर अत्यन्तै आवश्यक हुनेछ भन्ने मेरो विश्वासलाई आड्रा नेपालले पुरा गरेको छ । ५ वर्ष पहिले नेपाल आउँदा मैलें देखेका आड्रा नेपालका कामहरू अत्यन्तै प्रशंसनीय थिए । नेपाली जनताको जीवनमा फरकपन ल्याएकोमा आड्रा नेपाललाई शुभकामना दिदैं आगामि वर्षहरूमा त्यहाँको सफलता र रमाइलोमा पुनः समावेश हुन पाउनेछु भन्नेमा आशावादी छु ।

चार्ल्स स्यान्डेफर,
आड्रा अर्न्तराष्ट्रिय निर्देशक

## पूर्व देशीय निर्देशक पाउल डलहन्टीको तर्फबाट सन्देश



आड्रा नेपालको २० औं वार्षिकोत्सवको उपलक्ष्यमा आड्रा नेपालमा कार्यरत सम्पूर्णलाई बधाइ दिन चाहन्छु । विगतका वर्षहरूमा आड्रा नेपाललाई मिलनसार तथा मेहनेति स्वयंसेवकबाट प्राप्त सहयोगलाई भुल्नै सकिदैंन । यो सेवा कहिल्यै पनि अन्त्य हुनेछैन र स्वयंसेवकहरूको नेपाली मोह तथा माया कहिल्यै बिर्सनुहनेछैन भन्नेमा आशावादी छु। आड्रा नेपालमा कार्यरत सम्पूर्ण साथीहरूको अत्यन्तै सहयोगी भावना तथा अन्य सेवामुलक कार्यले गर्दा हाम्रो इश्वरसँगको सम्बन्ध अझै प्रगाढ बन्दैगइरहेको अनुभव भएको छ । यस सुखद अवसरमा आड्रा नेपालप्रति सम्पूर्ण कर्मचारी तथा शुभेच्छुकहरूले देखाएका सहृदयताको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

२० औं वार्षिकोत्सव मनाइरहँदा मलाई आड्रा नेपालका शुरूवाती दिनहरू सम्झन मन लागेको छ । निस्वार्थ मानवीय सेवा नै धर्म हो भनेर आड्रा नेपालको परिकल्पना र उद्घाटन गर्दाको सुखद अवसर चाहेर पनि भुल्न सकिदैंन । हाम्रो त्यो संकल्पमा साथ दिदैं तपाईंहरूले जुन जोखिम उठाएर सफलता तर्फ लम्कदैं हुनुहुन्छ, अत्यन्तै प्रशंसनीय छ । अब आउने जोखिमहरू, चुनौतीहरूसँग पनि यसै प्रकारले लड्दै जाने हो भने पक्कै पनि अझ धेरै सफलताको शिखरमा पुग्न सकिन्छ । आड्रा नेपालको अबको चुनौती भनेको नयाँ पुस्ताका इच्छा तथा आवश्यकता परिपूर्ति गर्दै उनीहरूलाई देश तथा समाज विकासको मेरूदण्ड बनाउन सक्नु हो ।

विगतका वर्षहरूमा जस्तै अब पनि आड्रा नेपालले कुष्ठरोगबाट ग्रसित परिवारलाई समाजसँग समायोजन गर्दै जानुपर्छ, खुँडे ओठ भएका बालबालिकाको मुहारमा हाँसो, रौनकता र खुसियाली थप्नुपर्छ, परिवार नियोजन गर्न चाहने महिला तथा पुरूषलाई खोज्दै परिवारका सदस्यहरूको मन जितेर उनीहरूको उज्ज्वल भविष्य सुनिश्चित गर्नुपर्छ, धूमपानबाट हुने असर र सम्भाव्य दुर्घटनालाई न्यूनिकरण गर्न जनचेतना फैलाउनुपर्छ, सामुदायिक स्वास्थ्य कार्यक्रम तथा साक्षरता अभियानलाई निरन्तरता दिनुपर्छ । अबको पुस्तालाई पनि आड्रा नेपालको आवश्यकता पर्नेछ र आड्रा नेपालले उनीहरूको अवश्यकता बमोजिम काम गर्ने छ भन्ने हामीलाई लागेको छ ।

परिवर्तनशिल यो समाज र संसारमा आड्राका उपलब्धि तथा कार्यहरू बिर्सनै नसकिने होउन् र आड्रा एक आवश्यकता बनोस् भन्ने हामीले चाहेका छौं ।

आड्रा नेपालको २० औं वार्षिकोत्सव र सफलतालाई डलहन्टी परिवार उत्साहपूर्वक मनाउदैं ईश्वरसँग यसको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छ ।

पाउल र डन
जोएल र नाओनी
मिचेल र क्या
इभी माबली
जिन गिब्लेट

# आड्रा नेपालको बारेमा



(पृष्ठ १को बाँकी अंश)

## आड्रा नेपालको उद्देश्य

विभिन्न साझेदारी संस्थाहरूसँग मिलेर गरिब तथा विपन्न वर्गका मानिसमा सकारात्मक परिवर्तन ल्याउनु र उनीहरूको जीवनस्तर उकास्नु नै आड्रा नेपालको प्रमुख उद्देश्य हो ।

## साझेदारी संस्थाहरू

ब्रिटिश नेपाल मेडिकल ट्रष्ट, ब्याकवार्ड सोसाइटी एजुकेशन (बेस),आइसिडी,इन्द्रेणी ग्रामिण विकास केन्द्र नेपाल (इन्द्रेणी),सुरक्षित मातृत्व संजाल महासंघ (एसएमएनएफ), नेपाल, समुदायिक सेवा केन्द्र (सिएससी), शिर मेमोरियल अस्पताल (एसएमएच), इको शिस्टम लिमिटेड, विश्व वन्यजन्तु संगठन (डब्लूडब्लूएफ), स्रोत पहिचान तथा परिचालन समाज (रिम्स), नेपालगंज मेडिकल कलेज शिक्षण अस्पताल, ENGINEERS WITHOUT BORDERS, HABITAT FOR HUMANITY INTERNATIONAL, MANAGEMENT SCIENCES FOR HEALTH, नेपाल रेडक्रस सोसाइटी, काठमाडौं मोडेल अस्पताल, नेपाल कुष्ठरोग निवारण संगठन, नेपाल हृदय केन्द्र, आम्डा अस्पताल, जिल्ला स्वास्थ्य तथा स्थानीय विकास कार्यालयहरू, राष्ट्रिय दन्त अस्पताल, कान्ति बाल अस्पताल, इशान नर्सिङ्ग होम, जिल्ला महिला विकास कार्यलयहरू, विभिन्न सांस्कृतिक विभागहरू, इत्यादि ।

## दाताहरू

अष्ट्रेलियन सरकार, यूनाइटेड चर्चेज अफ नेदरल्याण्ड, संयुक्त राष्ट्र संघीय जनसंख्या कोष, संयुक्त राज्य अमेरिका अन्तर्राष्ट्रिय सहयोग कोष, विश्व बैंक, विश्व खाद्य कार्यक्रम, क्यानेडाली अन्तर्राष्ट्रिय विकास कोष (सिडा), सिडिएम, यूरोपियन कमिशन, हेल्प इन्टरनेशलन, आइसिसिओ, रोटरी इन्टरनेशनल (न्यूजिल्याण्ड र अष्ट्रेलिया), एस एण्ड के फाउण्डेशन, स्माइल ट्रेन, दक्षिण एशिया विभाग, स्विस सोलिड्यारिटी, सिड्नी एडभेन्टिस अस्पताल, आड्रा सञ्जाल (आड्रा अष्ट्रेलिया, आड्रा क्यानाडा, आड्रा जर्मनी, आड्रा जापान, आड्रा नर्वे, आड्रा कोरिया, आड्रा न्यूजिल्याण्ड, आड्रा स्विजरल्याण्ड, आड्रा स्पेन, आड्रा चेक गणतन्त्र, आड्रा यु के, आड्रा नेदरल्याण्ड) र अन्य नीजि दाताहरू ।

## कार्यरत कर्मचारी

हाल आड्रा नेपालमा ९५ जना पूर्णकालिन कर्मचारीहरू छन् । यी कर्मचारीहरू मध्ये ४० प्रतिशत महिला छन् । मुख्य निर्देशक र कार्यक्रम निर्देशक विदेशी हुनुहुन्छ । आड्रा नेपालले आफ्ना परि योजनाहरू सरकारी तथा गैरसरकारी कार्यालयहरू र अन्य समुदायका लागि काम गर्ने स्थानीय संस्थाहरूसँग मिलेर आफ्ना परियोजनाहरू तर्जुमा तथा कार्यान्वयन गर्दछ ।

*म बानेश्वर गाविस वडा नं. ५ मा महिला स्वास्थ्य स्वयं सेविकाको रूपमा काम गर्छु । मैलें यो काममा लागेपछि परिवार नियोजन सम्बन्धि तालिम पनि पाएको छु । यस्ता तालिमहरूले गर्दा मैलें मेरो छिमेकमा परिवार नियोजनका साधनहरूको बारेमा र तिनको प्रयोगले हुने फाइदाको बारेमा बुझाउन सक्ने भएकी छु । केही पहिले मेरो सल्लाह बमोजिम एकजना छिमेकी महिलाले 'कपर टी' को प्रयोग गर्न थालिन् जसले गर्दा मलाई झनै हौसला बढेको छ । मलाई यस्ता कार्यहरू गर्नको लागि आड्रा नेपालले विभिन्न समयमा तालिम दिने गर्छ । धन्यवाद छ आड्रा नेपाललाई ।*

*- विमला राइ*
*महिला स्वास्थ्य स्वयं सेविका, बानेश्वर गाविस, संखुवासभा*

# लक्ष्यस्तम्भ

| वर्ष | परियोजनाहरू | मुख्य लक्ष्यस्तम्भ | कूल लागत |
|---|---|---|---|
| २००५-२००८ | ▸ एचआइभी/एड्स परिक्षण तथा जनचेतना अभियान<br>▸ सामुदायिक सबलीकरण<br>▸ दिगो विकास - कृषीमा शसक्तिकरण परियोजना<br>▸ महिला साक्षरता अभियान, आर्थिक विकास परियोजना<br>▸ सुरक्षित मातृत्व परियोजना<br>▸ नेपाल महिला गरिबी निवारण परियोजना<br>▸ पूर्वाञ्चल क्षेत्रमा परिवार नियोजन विस्तार परियोजना<br>▸ भवन निर्माण परियोजना (आड्रा कार्यालय, विद्यालय, स्वास्थ्यचौकी , चर्पी, बायोग्यास)<br>▸ दैवी प्रकोप उद्धार तथा पूर्नस्थापना परियोजना | ▸ समाज कल्याण परिषद्सँग सम्झैता<br>▸ १४ जिल्लाबाट ३५ जिल्लामा कार्य विस्तार<br>▸ सुशासन र दैवी प्रकोप व्यवस्थापन<br>▸ योजनाबद्ध कार्यहरू<br>▸ साझेदार संघसंस्थाको विस्तार | अमेरिकी डलर ७१,००,००० |
| १९९८-२००४ | ▸ समुदायमा आधारित पारिवारिक स्वास्थ्य<br>▸ यौन तथा प्रजनन स्वास्थ्य<br>▸ बालबालिकाकालागि शिक्षा<br>▸ साक्षरता, जनस्वास्थ्य र सरसफाइ परियोजना<br>▸ पोलियो उन्मूलन र आइएमसीआइ<br>▸ सरसफाई तथा बायोग्यास परियोजना<br>▸ खुँडें ओठ तालुको शल्यक्रिया<br>▸ दुर्गम बस्तीमा स्वास्थ्य घुम्ती शिविर | ▸ साझेदारी अवधारणामा विस्तार<br>▸ दुइ जिल्ला बाट १४ जिल्लामा कार्य विस्तार<br>▸ रसुवामा आड्रा भवनको उद्घाटन<br>▸ दुर्गम जिल्ला मनाङ्गमा स्वास्थ्य शिविर<br>▸ द्वन्द्व प्रभावित जिल्लामा एकीकृत स्वास्थ्य शिविर | अमेरिकी डलर ६०,००,००० |
| १९९२-१९९७ | ▸ नेपालमा मलिाको स्वास्थ्य सुधार<br>▸ खुँडे ओठ र तालुको शल्यक्रिया परियोजना<br>▸ प्रसुती गृहको निर्माण<br>▸ शहिद गंगालल हृदय केन्द्रको निर्माण<br>▸ जनस्वास्थ्य तथा सरसफाइ परियोजना<br>▸ सरसफाई तथा बायोग्यास परियोजना<br>▸ दुर्गम वस्तीहरू दन्त शिविर<br>▸ समुदायमा मपहिला सबलीकरण परियोजना | ▸ स्वास्थ्य अवधारणा तथा कार्यमा विस्तार<br>▸ विकासका विभिन्न कार्यहरू<br>▸ पुर्नस्थापना र पुर्ननिर्माण परि योजनाहरूमा बृद्धि<br>▸ घुम्ती स्वस्थ्य शिविरहरू<br>▸ कर्मचारीको दक्षतामा विकास अर्न्तराष्ट्रिय स्वयंसेवक संस्थाहरूको सम्बनधमा सुधार | अमेरिकी डलर ५०,००,००० |
| १९८८-१९९१ | ▸ कुष्ठरोग निवारण परियोजना<br>▸ खोकनामा प्राविधिक तालिम केन्द्र<br>▸ कुष्ठरोगीहरूका लागि आयश्रोत आम्दानी परि योजना<br>▸ ओखलढुङ्गामा भुइँचालोबाट क्षति पुगेका भवनहरूको पुर्ननिर्माण | ▸ आड्राको स्थापना<br>▸ समाज कल्याण परिषदसँग सम्झौतामा हस्ताक्षर<br>▸ नेपालमा पहिलो मुटु शल्यक्रियाको शुरूवात<br>▸ कुष्ठरोगीहरूको समाजमा पुर्नस्थापनाको लागि नेपाल कुष्ठरोग निवारण संघसँगको सहकार्य<br>▸ भुकम्प प्रभावित क्षेत्रमा निर्माण सहयोग | अमेरिकी डलर २०,००,००० |



# दातृ निकाय तथा साझेदारी संस्थाहरूको भनाई



" विगत २० वर्षमा प्राप्त गरेको सफलताको लागि आड्रा नेपाललाई बधाइ छ । आड्रामा काम गरेका यी १८ वर्षहरूमा मैलें आड्रा नेपालले गरेका विकासका थुप्रै कार्यहरूलाई देखेको छु । आड्रा नेपालसँगको सम्बन्ध आड्रा न्यूजिल्याण्डको लागि गर्वको विषय हो र हामी सम्पूर्ण आड्रा नेपाल परिवारलाई बधाइ दिन चाहन्छौं । आगामि वर्षहरूमा पनि हाम्रो सम्बन्ध अझै मजबुत हुनेमा हामी विश्वस्त छौं ।"

एलान फ्लेचर<br>
आड्रा न्यूजिल्याण्ड, अर्न्तराष्ट्रिय कार्यक्रम निर्देशक

" आड्रा नेपालसँग आड्रा जर्मनीको सहकार्य शुरूका वर्षहरू देखि नै हो । पहिलो सहकार्य EZEसँग थियो, त्यसपछि खोकनामा हामीले स्वयंसेवकहरू पठाएका थियों । लगातार तीन वर्षको अनुभव बटुलेर आएका हाम्रा स्वयंसेवकहरू अहिले पनि त्यहाँको सुन्दरता र आफूले पाएको अनुभव सुनाइरहन्छन् । स्वयंसेवकमध्ये एकजनाले आड्रा छोडिसकेका छन् र अर्का एक जर्मन यूनियनको अध्यक्ष भएर काम गरिरहेका छन् । म सन् १९८९ मा फर्केपछि आड्रा नेपालमा कामहरू थालिएका हुन् । अहिले पनि हामीहरू एकदमै नजिक भएर काम गरि रहेका छौं । हामीलाई आशा छ हामी यसरी नै सहकार्य गर्दै अगाडि बढ्ने छौं । आड्रा नेपाललाई बधाइ छ र सफलताको शुभकामना पनि ।

इरिक लिश्चेक<br>
निर्देशक, आड्रा जर्मनी

" सेवाको २० वर्ष पुऱ्याएकोमा बधाइ छ । एकपटक सोच्नोस् त यी वर्षहरूमा तपाईहरूले कति मान्छेसँग भेट गर्नुभयो ? कतिजनालाई दुःखबाट मुक्ति दिनुभयो ?

बधाइ छ ! बधाइ छ ! बधाइ छ ! एशिया आड्राको लागि यो नै एउटा मुख्य खुसियाली हो । म निर्देशक इभान र सम्पूर्ण कर्मचारीलाई बधाइ दिन चाहन्छु । आड्रा एशिया नेपाललाई आफ्नो लक्ष्य प्राप्तिमा पाउदाँ अत्यन्तै हर्षित छ । हाम्रो यो सुखद समाचार तथा बधाइ सम्पूर्ण कर्मचारी तथा निर्देशकहरूलाई दिन नभुल्नुहोला । इश्वरलेले अझै पनि आड्रा नेपाललाई सहयोग गर्नेछन् भन्दै सुन्दर देश नेपालमा काम गर्न दिएकोमा नेपाल सरकारलाई पनि धन्यवाद दिन चाहन्छु ।"

ड्यानिएल डोस स्यान्टोस,<br>
आड्रा क्षेत्रिय कार्यालय, बैंकक



आड्रा नेपाल २० वर्ष पुगेको अवसरमा आड्रा नेपालका सम्पूर्ण कर्मचारीलाई शुभकामना । यी वर्षहरूमा नेपालीका सुखदुःखका सहयात्री भएर तपाईंहरूले अत्यन्तै महत्वपूर्ण काम गर्नुभएको छ र यी वर्षहरूमा तपाईंहरू साँच्चिकै धन्यवादका पात्र बन्नुभएको छ । मलाई अहिले पनि शुरूका वर्षहरूमा हामीले भोग्नुपरेका समस्याहरूको सम्झना छ । मलाई त्यो उत्सवमा भाग लिन आउने ठूलो धोको थियो तर विविध कारणवश उपस्थित हुन नपाएकोमा मलाई दुःख लागेको छ ।"

रोमी गैनर,
हेल्प इन्टरनेशनल, अमेरिका

" लामो समयसम्म आड्रा नेपालसँग सहकार्य गर्न पाउनु हाम्रो भाग्य रहेछ । शुरूका वर्षदेखि नै कार्यरत साथीहरूको निस्वार्थ सेवा र लगावले नै आड्रा नेपाल आज यो स्थितिमा आइपुगेको हो ।

हाम्रो यो सहकार्यले हामीलाई वास्तवमै आनन्ददायी बनाएको छ र हाम्रो सम्बन्ध अझै प्रगाढ बन्दै जानेछ भन्नेमा हामी विश्वस्त छौं । आड्रा नेपालको २० औं वार्षिकउत्सवमा सहभागिता जनाउन नपाएता पनि हामी सबैलाई बधाइ दिन चाहन्छौं ।"

डेनिसन आर ग्रेलिम्यान,
अन्तर्राष्ट्रिय कार्यक्रम संयोजक, आड्रा अष्ट्रेलिया



" कस्तो आश्‍र्यजनक यात्रा ! २० वर्ष साँच्चिकै एक लामो यात्रा हो, आड्रा नेपालको लागि । आड्राको अहिले शक्ति तथा सामर्थ्य लगनशील र परिश्रमी मानिसहरूको देन हो । मेलिण्डा, इथान, जैथ र मैलें नेपालको बसाइलाई उत्साहपूर्वक र अत्यन्तै रमाइलोको साथ बिताएका थियौं । हाम्रो त्यो रमाइलो बसाइ नेपाली आड्रा परिवार को साहयता तथा सद्भावले मात्र सम्भव भएको थियो । हामीलाई आशा छ हामी एकदिन नेपाल फर्किने छौं तपाईहरू सबैलाई भेट्न । त्यतिबेला सम्म ईश्वरले सधैं तपाईंको साथ दिउन् भन्ने चाहन्छौं ।

र.... अन्त्यमा पुनः २० वर्ष लामो यात्रा गर्न सफल भएकोमा बधाइ छ ।"

जुलियन र मेलिण्डा आर्चर,
भूपू निर्देशक

" २० औं वार्षिकोत्सवको अवसरमा बधाइ छ । आफूले प्राप्त गरेका लक्ष्यहरूको उचित मूल्यांकन गर्दै भविष्यमा आइपर्ने चुनौती तथा विभिन्न समस्याहरूको उचित समाधान पहिल्याउने यो अत्यन्तै महत्वपूर्ण समय हो । यी वर्षहरूमा सञ्चालित विभिन्न परियोजनाहरूका माध्यमबाट हासिल उपलब्धिहरूलाई नकार्न मिल्दैन । तपाईंहरूसँगको सहकार्य हाम्रालागि पनि अत्यन्तै महत्वपूर्ण साबित भयो । ईश्वरले हामी सबैको भलो गरून् ।"

ग्याब्रिएला जिपर,
आड्रा जर्मनी

*कक्षा नौ मा अध्ययनरत एकजना छात्राले पहिलो रजश्वला पश्चात स्कुल आउनै छोडिन् । यदि हामीले कक्षामा वयस्क अवस्थामा हुने मानसिक, शारीरिक र भावनात्मक परिवर्तनको बारेमा छलफल गरेको भए उनले स्कुल छोड्ने थिइनन् । आफ्नो रजश्वलालाई प्राकृतिक रूपमा लिने थिइन् । हामीले यस्ता परिवर्तनको बारेमा कक्षामा छलफल गर्नु जरूरी रहेछ । आड्रा नेपाल र नेपाल रेडक्रस सोसाइटीले बल्ल हाम्रो आखाँ खोलिदिएका छन् ।*

*- लिलानाथ दाहल*
*स्वास्थ्य शिक्षक, शिवधुती मावि ,*
*प्रप्चा ओखलढुङ्गा*

" नेपालकोलागि स्वयंसेवकको रूपमा चारपटक (दुइपटक बनेपा र दुइपटक कालिकास्थान, रसुवा)को बसाइ मेरा लागि आड्रा नपालसँगको सामिप्यताले अत्यन्तै रोमाञ्चक तथा फाइदाजनक भयो । यही मौकाको सदुपयोग गर्दै आड्रा नेपालले नेपालीहरूका लागि काठमाडौं तथा वरिपरि पु¥याएको सेवाको प्रशंसा गर्न चाहन्छु। विगत २० वर्षका उपलब्धी जस्तै आगामि दिनका कार्यहरू पनि स्वागतयोग्य तथा प्रशंसनीय होउन् भन्ने आशा राखेको छु।"

लेन बोल्डेन,
रोटरी अष्ट्रेलिया

*मैलें यो सौर्य बत्तिको प्रयोग दैनिक तीन घन्टाको दरले गर्दै आइरहेको छु । यसले हामीलाई भान्सामा काम गर्न सजिलो बनाएको छ । यो बत्तिको कारण हामी धुवाँबाट पनि सुर क्षित भएका छौं । हामीले मट्टितेल किन्नुपर्दैन र आवश्यकता अनुसार विभिन्न ठाउँमा लैजान सक्छौं ।*

*- साहिँली उप्रेती, इलाम*

रोल्पा, रूकुम र सल्यानका द्वन्द्व पिडित तथा उपेक्षित समुदायको हितका लागि आड्रा नेपालसँगको सुरक्षित मातृत्व सञ्जाल महासङ्घ, नेपाल को साझेदारी अत्यन्तै रमाइलो तथा शिक्षाप्रद रह्यो। विकट तथा पिछडिएका जिल्लामा समुदायको स्वास्थ्य विकासका साथै सुरक्षित मातृत्व तथा शिशु स्याहारलाई उचित किसिमले सहयोग तथा परामर्श दिनको लागि हाम्रो साझेदारी रहेको छ । आड्रा नेपाल सहयात्रीहरूको उत्कृष्ट नमूना हो। यो सम्बन्ध जीवन्त होस् भन्ने हाम्रो चाहना छ।"

डा. आरजु राणा देउवा,
अध्यक्ष, सुरक्षित मातृत्व सञ्जाल महासङ्घ, नेपाल

नेपाल रेडक्रस सोसाइटी विगत चारवर्षदेखि पूर्वाञ्चलका छवटा जिल्लामा परिवार नियोजनको क्षेत्रमा आड्रा नेपालसँग सहकार्य गर्दै आइरहेको छ। यो सहकार्यले ग्रामिण महिलाको स्वास्थ्यमा सुधार ल्याउनुका साथै स्वास्थ्य कार्यकर्ताहरूलाई लक्ष्य प्राप्तिमा सहयोग पु¥याएको छ। यो सहकार्य प्रशंसनीय छ र हामीले यस्तै सहकार्यको निरन्तरताको अपेक्षा गरेका छौं।

करूणा प्रसाद श्रेष्ठ, निर्देशक,
सस्थ्य विभाग नेपाल रेडक्रस सोसाइटी

युरोपियन कमिशनको सहयोगार्थ पूर्वाञ्चलाका केही जिल्लाहरूमा मार्च २००४ देखि फ्रेबुअरी २००७ सम्म सञ्चालित सुरक्षित मातृत्व कार्यक्रम मा BNMTले आड्रा नेपालसँग साझा संकल्पका साथ सहकार्य गरेको हो। यो सहकार्यका सफलताहरूले थुप्रै परिवारलाई विशेष गरेर विपन्न वर्गका महिलाको स्वास्थ्य सुधारमा महत्वूर्ण भूमिका खेलेको छ । आड्रा नेपालसँगको सहकार्यले BNMTलाई कार्यक्रमको सफलताका साथै संगठानिक रूपमा पनि धेरै सहयोग मिलेको छ। हामीले यो सहकार्यबाट धेरै कुरा सिक्दै अगाडि बढ्ने मौका पायौं।

द्यल्तको तर्फबाट २० औं वार्षिकोत्सव मनाउन लागेको आड्रा नेपाललाई म बधाइ दिन चाहन्छु। आगामि वर्षहरू झनै उपलब्धिमुलक होउन् भन्ने शुभकामना व्यक्त, गर्न चाहन्छु।"

अनिल सुवेदी,
प्रमुख निर्देशक, BNMT







धादिङ जिल्लामा जनस्वास्थ्य तथा वातावरण परियोजना अन्तर्गत आड्रा नेपालसँग रिम्स नेपालले सहकार्य गर्दै आइरहेको छ। आड्रा नेपालको साझेदारी अवधारणहरू र सहयोगी व्यवहार प्रशंसनीय छ। आड्रा सामूहिक प्रयत्नमा विश्वास गर्दै आफ्नो र साझेदारको सफलताका लागि साझेदार हुन चाहने संस्थाहरूलाई हार्दिक स्वागत गर्दछ। आड्रामा कार्यरत साथीहरूको आत्मीय व्यवहारले पनि कुनै पनि काम गर्नको लागि उचित वातावरण मिलेको महशुस हुन्छ। २० औं वार्षिकोत्सव मनाउन गइरहेको आड्रा परिवारलाई हामी बधाइका साथसाथै शुभकामना पनि दिन चाहन्छौं।"

ऋषि बस्ताकोटी,
कार्यकारी निर्देशक तथा रिम्स नेपाल परिवार

शिर मेमोरियल अस्पताल र सम्पूर्ण कर्मचारी २० औं वार्षिकोत्सवको अवसरमा आड्रा नेपाललाई बधाइ दिन चाहन्छ। वर्षौंदेखि हामीले साझेदारीका रूपमा गरेका परियोजनाहरूको सफलताका लागि आड्रा नेपाललाई प्रशंसा गर्न मन लागेको छ। नेपालीका दुःखलाई निराकरण गर्दै उनीहरूको जीवनस्तर उकासेको आड्राको मूल्यवत्ता सदियौंसम्म कायम रहोस् भन्ने चाहन्छौं।

निरन्तरको परिश्रम र लगावको लागि पुनः आड्रा नेपाललाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

लिन्कन म्यारिकोन, प्रमुख
शिर मेमोरियल अस्पताल तथा परिवार, बनेपा, काभ्रे, नेपाल।

आड्रा नेपालले २० वर्ष लामो यात्रा सफलतापूर्वक तय गरेको सन्न पाउँदा हामीलाई अत्यन्तै खुसी लागेको छ। यस खुसी अवसरमा हामी सम्पूर्ण आड्रा कर्मचारी र यसको सञ्जाललाई बधाइ दिदैं हामीसँग आड्रा नेपालले नेपालका विभिन्न जिल्लामा साझेदारी गरेको नेतृत्व विकास तथा व्यवस्थापन तालिमलाई सम्झन चाहन्छौं। नेपाली समुदायको विकासको लागि हामीले संचालन गरेका योजनाहरूमा आड्रा नेपालले देखाएको सहृदयी भावनाको कदर गर्दै आड्रा नेपालको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छौं।

तत्वप्रसाद तिम्सीना
ICA, नेपाल

२० औं वार्षिकोत्सव मनाउन गइरहेको आड्रा नेपाललाई बधाइ दिन पाउनु बेस परिवारको लागि गर्वको विषय हो। कम लागतका घर निर्माण, गरिबी निवारण, कामको लागि खाद्यान्न, दैवी प्रकोप व्यवस्थापन तथा उद्धार, कमैया समुदायमा सबलिकरण, जस्ता महत्वपूर्ण परियोजनाहरूमा हाम्रो साथ दिदैं आड्रा नेपाल र कार्यरत कर्मचारीहरूको गुन हामी कहिल्यै बिर्सन सक्दैनौं। यो साझेदारी अभियान निरन्तर रहिरहनेछ भन्ने आशा गरेका छौं।

डिल्ली बहादुर चौधरी
सभापति, बेस नेपाल

*दुइ वर्ष यता परिवार नियोजनको अस्थायी साधनको रूपमा नरप्लान्टको प्रयोग गर्दै आइरहेको छु। मेरा दुइजना छोराछोरी छन्। हामी दुइ दम्पतीमा नरप्लान्टको प्रयोगको कारण कुनै शारीरिक तथा यौन समस्या देखिएको छैन। प्रयोगको शुरूमा देखिएका केही असरहरू पनि अहिले हराइसकेका छन्। मलाई नरप्लान्ट प्रति विश्वास छ किनकी मैलें यसको बारेमा राम्रोसँग बुझ्ने मौका पाएकी छु। केही वर्षपछि हामी दुइजना सल्लाह गरेर स्थायी बन्ध्याकरण गर्ने विचारमा छौं। म मेरा छिमेकीलाई परिवार नियोजनका स्थायी तथा अस्थायी साधनको प्रयोग गर्न सम्झाउछु।*

*- डिलमाया चेमजोङ,*
*रानी गाउँ, पाँचथर*

# शुरूवात देखि वर्तमानसम्म आड्रा नेपालका देशिय निर्देशकहरू













इभान क्यास्ट्रो आड्रा बोलिभिया र पेरूकोअनुभव सहित सेप्टेम्बर २००६ देखि नेपालमा आउनुभएको हो। उहाँको बहुआयामिक दक्षता, दूरदर्शिता जस्ता गुणका कारण आड्रा नेपाल आकस्मिक सहयोग, असल शासन र आवश्यकता बमोजिमका कार्यहरू गर्न सफल भएको छ। इभानका यीनै गुणहरूका कारण आड्रा नेपालका योजनाहरूलाई मूर्तरूप दिन र समयानुकुल परिवर्तन गर्न सम्भव तथा अत्यन्तै सजिलो भएको छ। इभानको आड्रा नेपालका कार्यहरू, प्रशासनिक तथा आर्थिक व्यवस्थापन र साझेदारी संस्थाहरूसँगको मितव्ययितामा प्रष्ट उपस्थितिका कारण आड्रा नेपालले आफ्नो लक्ष्य प्राप्त गर्न सफल भएको छ।

सन् २००४ देखि २००७ सम्मको मार्क वेभस्टरले आड्रा नेपालमा ल्याउनुभएका परिवर्तनहरूको कारण आज आड्रा नेपालले यहाँसम्मको यात्रा तय गर्न सफल भएको छ। उहाँको कार्यकालमा भएका प्रमुख परिवर्तनहरूमा वृहत सहभागितामा कार्यक्रम तथा रणनीतिको तर्जुमा, केन्द्रिय कार्यालय काठमाण्डौंमा, सामाजिक सुनिश्चितताको लागि प्रतिवेदनमा हस्ताक्षर, तथा कार्यालय र आर्थिक व्यवस्थापनमा नयाँ प्रयोगहरू पर्दछन्। आड्रा नेपालको प्रगति तथा विकासमा उहाँको योगदान प्रशंसनीय छ।

नेपाल आउनु अगावै व्यवस्थापनमा विशेष दक्षता हासिल गर्नुभएका जुलियन आर्चरले नेपालमा सन् २००१ देखि २००४ सम्म मुख्य निर्देशक भएर आड्रा नेपालको विकासमा महत्वपूर्वा यागदान दिनुभयो। उहाँको कार्यकालमा आड्रा नेपालको कुल लागतमा ४५०००००० बाट ४७०००००० बढ्यो र ४ वटा जिल्लाबाट १४ वटामा आफ्नो कार्य विस्तारित गर्‍यो। उहाँको उपस्थितिमा कार्यरत नयाँ तथा पुराना कर्मचारीहरूको विशेष लगाव देखिन्थ्यो। मेलिण्डाको जो दुइ छोराहरू इथेन र जेथको आमा हुनुहुन्छ, अत्यन्तै आर्कषक जनसम्पर्कको कारण आड्रा नेपालले विशेष प्रगति गर्न सक्यो। उहाँको आड्रा नेपालका प्रकाशनमा पनि ठूलो सहयोग रह्यो।

डा. ग्लेन सेन्ट क्लेयरले नेपालमा सन् १९९८देखि २००१ सम्म मुख्य निर्देशकको रूपमा काम गर्नुभयो। उहाँको प्रशासनिक तथा व्यवस्थापनमा दशकौंको अनुभवले आड्रा नेपालमा भएका तत्कालिन अवस्थाका समस्याहरू समाधान भए। उहाँ एक असल शिक्षक हुनुहुन्थ्यो र उहाँ समुदायलाई विशेष प्रथमिकता दिनुहुन्छ।ग्लेन र उहाँकी श्रीमती जेराल्डिन दुवैजना अत्यन्तै मायालु स्वाभावको हुनुहुन्छ। उहाँहरूको त्यो योगदानलाई हामी सधैं सम्झिरहनेछौं।

पिटर हावेलले पाउल डलहन्टी गए लगत्तै रिक्त स्थानमा ५ महिनासम्म कार्य गर्नुभयो। उहाँको मिजासिलो व्यवहार र विभिन्न समस्याहरू आइपरेका बेलामा उहाँले प्रदर्शन गर्नुभएको धैर्यता र शिक्षण कदापि बिर्सन सकिदैंन। उहाँले प्रस्तुत गर्नुभएको सहजकर्ताको भूमिका र मितव्ययी व्यवहारले गर्दा उहाको सम्झना आइरहन्छ।

पाउल डलहन्टीले आड्रा नेपालको स्थापना गर्दै सन् १९८८ मा प्रथम देशीय निर्देशकको रूपमा काम गर्नुभएको थियो। काभ्रे र रसुवा जिल्लामा ५ तले आड्रा उपचार केन्द्रको स्थापना, विद्यालय तथा हेल्थपोष्टको स्थापना र कुष्ठरोग निवारण योजनामा उहाँको विशेष भूमिका रहेको थियो। त्यस्तै उहाँको कार्यकालमा नै राष्ट्रिय मुटु केन्द्रको स्थापना भएको थियो। आड्रा नेपालको क्षमता तथा कार्यहरूमा उहाँको दूरदर्शिताले आड्रा नेपाललाई शुरूवातका दिनहरूमा ठूलो टेवा मिलेको थियो। उहाँ, उहाँकी श्रीमती डन र उहाँका बच्चाहरू जोएल र मिचेल सन्१९९७ मा नेपालबाट फर्केतापनि हामी उहाँहरूलाई बारम्बार सम्झिर हेका छौं। डलहन्टी परिवारको विशेष सहयोग र योजनाबद्ध कार्यको लागि आड्रा परिवार सधैं आभार व्यक्त गरिरहन चाहन्छ।



# आड्रा नेपालका उपलब्धीहरू

## पुर्नस्थापना र पुर्ननिर्माण:

- १२ वटा स्वास्थ्य चौकी
- काभ्रे र रसुवामा ६ वटा विद्यालय
- काठमाण्डौं र पोखरामा कुष्ठरोगीहरूका लागि ५ वटा आश्रम
- काभ्रे र रसुवामा आड्रा भवन
- ओखलढुङ्गामा घर र विद्यालयहरूको मर्मत तथा निर्माण
- शिर मेमोरियल अस्पतालमा प्रसुति कक्षको निर्माण
- विर अस्पतालमा कार्डियक कक्षको स्थापना
- शहिद गंगालाल हृदय प्रतिष्ठानको स्थापना

## प्रजनन स्वास्थ्य

- १५५ जना महिलामा पाठेघरको सफल शल्यक्रिया
- ३१०० खुँडे ओठ तालुको शल्यक्रिया
- पुर्वाञ्चलका ६ पहाडी जिल्लामा COPE सम्पन्न
- ५८७ जनालाई परिवार नियोजन सम्बन्धि तालिम
- २६४८ महिला स्वास्थ्य स्वयं सेविका, ६६०० पुरूष, ३०० सदस्यहरू, १४०० नेपाल रेडक्रस सोसाइटीका कर्मचारी, १५५ जुनियर रेडक्रस सर्कल समूहलाई परिवार नियोजन सम्बन्धि तालिम जसबाट ८८५६६ जना लाभान्वित भएका छन् ।
- पुर्वी नेपालका जिल्लाहरूमा स्वास्थ्य सेवा व्यवस्थापन समितिका २४९ र २७१ जना स्वास्थ्य शिक्षकहरूलाई परिवार नियोजन सम्बन्धि तालिम

## आर्थिक विकास

- ३७५०० महिला अनौपचारिक शिक्षाको आधारभुत तहका तीन तह उर्तिण
- १५ वटा स्थानीय कृषक समूहहरूको सुदृणीकरण
- २९०० सदस्यहरू सहितका १८ वटा सहकारी संस्थाको स्थापना
- ३०० घर पुर्ननिर्माण काभ्रेमा
- २००० विद्यार्थीको लागि क्षात्रवृत्ति
- २८५० गोबरग्यास तथा शौचालयको स्थापना
- ३३५८ धुँवारहित सुधारिएको चुलोको निर्माण
- ४८४२ महिलालाई आयआर्जन तालिम
- ८२५२ महिलाको लघु बचत योजनामा संलग्नता । १३४ कार्यक्रमबाट नेपाली रूपैया ५८२५००० को बचत ।
- ९६१९ महिला प्राकृतिक स्रोत व्यवस्थापन र सरसफाइमा अग्रसर
- १२४६६ मेट्रिक टन दाउराको वार्षिक बचतको लागि वैकल्पिक उर्जा प्रवर्धन परियोजना

*यो प्रविधि अत्यन्तै उपयोगी र राम्रो पनि छ । हामीले मट्टितेल किन्नुपर्दैन । यो बत्तीको प्रयोगले धुवाँमा बस्नुपरेको छैन । केटाकेटीलाई पनि गृहकार्य गर्न तथा पढ्नको लागि सजिलो भएको छ र हामीलाई अन्य कामहरू गर्नको लागि पनि सजिलो भएको छ ।*

*- सिर्जना रोक्का, पाँचथर*





## आकस्मिक सहयोग



- ५५,१३७ बाढी प्रभावितलाई स्वास्थ्य उपचार
- २१,००० झुल र १,०४५ अखाद्य सामाग्रीको वितरण
- ३०३ कम लागतका घर र १३० सुधारिएका घरको निर्माण
- २,७०० प्राथमिक उपचारका सामानको वितरण
- १०० खानेपानी धाराको निर्माण
- १०० शौचालयको निर्माण
- ३ सामुदायिक बहुउद्देश्यीय भवन र ३ विद्यालयको निर्माण
- ६८० मेट्रिक टन खाद्यान्न वितरण

## असल शासन

- १७१ स्थानीय सरकारी र नागरिक समाजका सदस्यहरूलाई परिणाममूखी नेतृत्व विकास र व्यवस्थापन तालिम
- २७ समुदाय विकासको लागि समुदाय परियोजना सफलतापूर्वक सम्पन्न
- ३ असल शासन कार्यक्रम स्वीकृत ।

## सफलताका कथाहरू

कैलाली साडेंपानी गाविस वडा नं. ७ तिलकन्याकी ३२ वर्षीय हिरादेवी चौधरीलाई अशिक्षित भएकाले घरको सफासुग्घर गर्नुपर्ने कुरा थाहा थिएन। गरिबी तथा अशिक्षाको कारण खरले छाएको घर वरिपरि हुने फोहोरलाई बेवास्ता गर्दा उनी, उनका श्रीमान र दुइजना बच्चा बारम्बार बिरामी परिरहेका हुन्थें। उनी आफू नपढे पनि आफ्ना छोराछोरीलाई पढाउन चाहन्थिन्। त्यसैले उनी एकदीन धनगढीमा रहेको बेसको कार्यालयमा सहयोगका लागि गइन ।

आड्रा नेपाल र बेसले उनको गाउँ तथा क्षेत्रको सर्वेक्षण पश्चात उनलाई नयाँ घर बनाइदियो। सिमेन्ट, काठ र बाँसबाट बनेको नयाँ घरको सरसफाई गरेर उनीहरू अहिले स्वच्छ वातावरणमा बस्छन्। पहिलेको जस्तो उनीहरूलाई रोग पनि लाग्दैन। उनीहरूको जीवन स्तर पनि बढेको छ र उनका छोराछोरी सधैं स्कुल जान्छन्। उनी आड्रा र बेसको सफलता चाहन्छिन्। उनीजस्तै नेपालका विकट गाउँहरूमा विभिन्न परिवारले आड्रा नेपालका परियोजनाहरू अन्तर्गत स्वास्थ्य, शिक्षित र उज्ज्वल भविष्य सुनिश्चित गरेका छन्।

---

बाँके जिल्लाको बकुन्टुवामा बस्ने २७ वर्षीय रामरति थारूका दुइजना छोरा र एक छोरी छन्। घरबाट ३०० मिटर टाढा पानी लिन जाँदा गाउँको धारामा उनलाई अपहेलनाका शब्दहरू सुन्नु पर्थ्यो। पानीको अभावका कारण उनीहरू खाना खाएपछि हात माटोले पुछ्ने गर्थे जसका कारण उनका छोराछोरीहरू बारम्बार झाडापखलाको शिकार बन्थें। उनीहरूको शौचालय पनि थिएन। "गरिब भएकाले बिरामी हुँदा पनि उपचार गर्न पाइएन।" उनले भनिन् - 'खानेपानी पनि धमिलो हुन्थ्यो, त्यो पनि थोरै हुन्थ्यो।"

वाट्शन परियोजना पछाडि उनी खसी भएकी छिन्। आड्रा नेपाल र बेसले उनलाई खानेपानीको लागि धारा र शौचालय बनाइदिएका छन्। "हामीले नपाएका आवश्यकताहरू हाम्रो पहुँचमा आएका छन्।" उनले भनिन् - "यसको लागि आड्रा नेपाल र बेसलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु।"

---

१७ वर्षकी शर्मिला परियारलाई पढ्ने चाहना हुँदाहुँदै पनि गरिबीका कारण बीचैमा पढाइ छोड्न बाध्य भइन। घरका सबैजना बुबामा आश्रित भएका र बुबाको पनि राम्रो आम्दानीको श्रोत नभएकोले उनले कक्षा ४ मा नै पढ्न छोडिन्।
एनले आड्रा नेपालद्वारा सञ्चालित साक्षरता अभियानमा भर्ना भएर एक वर्ष आफ्नो पढाइलाई निरन्तरता दिइन् र कक्षा ५ मा पुनः भर्ना भइन्। हाल उनी नाला गाविस वडा नं. ६ को श्री चण्डेश्वरी माध्यमिक विद्यालयको कक्षा ८ मा पढ्छिन्। "मलाई आड्रा नेपालले सहयोग नगरेको भए आज यो जीवन पाउने थिइन।" उनी भन्छिन्(" मेरो पढाइलाईको निरन्तरतालाई आड्राले सहयोग गर्ने अपेक्षा राख्दै ठूलो भएर काम गर्ने मेरो इच्छा छ।"

# अन्य समाचारहरू

**आड्रा नेपाल नयाँ भवनमा :** आड्रा नेपाल जुलाई सन् २००८मा जावालाखेलबाट नयाँ भवन सानेपामा सरेको छ । विस्तारित परियोजनाहरू र कर्मचारी सङ्ख्या बढेकोले नयाँ भवनमा सर्नुपरेको हो । नयाँ भवनबाट प्रशासन, परियोजना तथा क्षेत्रिय कार्यालयहरू विराटनगर, बुटवल र नेपालगंजका कार्यहरू सम्पादित हुन्छन् ।




**नेपालगंजमा क्षेत्रिय कार्यालयको स्थापना :** आड्रा नेपालको तेस्रो क्षेत्रिय कार्यालयको रूपमा वरपरका जिल्लाहरूमा परियोजना विस्तार गर्ने उद्देश्यले नेपालगंजमा क्षेत्रिय कार्यालयको स्थापना गरिएको छ । यस क्षेत्रिय कार्यालयले स्वास्थ्य, आर्थिक विकास, कामको लागि खाद्यान्न र दैवी प्रकोप व्यवस्थापन अन्तर्गत सातवटा विभिन्न परियोजनाहरू संचालन गर्दछ ।

**आन्तरिक ए.पी. एल.आई. तालिम :** सन् २००७ मा जस्तै सन् २००८ मा पनि आड्रा नेपालले आफ्ना दश महत्वपूर्ण कर्मचारीलाई मानव संसाधन व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, वित्तीय व्यवस्थापन, योजनातर्जुमा र आकस्मिक व्यवस्थापन गरी पाँच महत्वपूर्ण क्षेत्रको ए.पी.एल.आई. तालिममा सहभागी गराउन ब्याङ्कक पठायो । तालिममा यसरी पठाउनुको उद्देश्य ती कर्मचारीको यी क्षेत्रसम्बन्धी ज्ञान तथा क्षमता बढाउनु र आड्राका लागि प्रशिक्षकहरू उत्पादन गर्नु थियो ।

उक्त तालिममा सहभागि भएर फर्केपछि आन्तरिक ए.पी.एल.आइ तालिमको आयोजना गरियो । आन्तरिक ए.पी.एल.आइ तालिममा ७५ जना कर्मचारीको सहभागिता थियो । आड्रा नेपालले छिट्टै नै व्यवस्थापन र नेतृत्व विकासको तालिम पनि सञ्चालन गर्दैछ ।

*विगतका २५ वर्षसम्म पाठेघर खस्ने समस्याले मलाई अत्यन्तै चिन्तित बनाएको थियो । लामो समयसम्म गाउँका धामी झाक्रीँलाई देखाउँदा र विभिन्न प्रकारका जडिबुटी सेवनले समेत मलाई ठिक भएन जसले गर्दा म निराश भइसकेको थिएँ । आड्रा नेपालबाट कोहलपुर जान आउन, खान तथा बस्ने सहयोग र मेरो पाठेघरको अपरेशनको कारण आज मैलें नयाँ जीवन पाएको छु । मैलें यो स्वस्थ्य जीवन पाउँछु भन्ने लागेको नै थिएन । यसको लागि आड्रा नेपाललाई धन्यवाद ।*

*-पाठेघरको सफल शल्यक्रियापश्चात कोल्टी बाजुराकी एक महिला*

**मोहन नेपाललाई स्वागत :** आड्रा नेपालमा मोहन नेपाललाई वित्तिय तथा प्रशासनिक व्यवस्थापकको रूपमा पाउँदा हामी सबै खुसी छौं । केयर मोजाम्बिक, केयर हैटी र केयर तान्जानियाको अनुगमनका साथै वित्तिय क्षेत्रमा २० वर्ष लामो अनुभव संगाल्नुभएका मोहन नेपालको आगमनले आड्रा नेपालले अझै विशिष्टता हासिल गर्नेछ भन्नेमा हामी विश्वस्त छौं ।



**सरिता घिमिरेलाई बिदाइ :** सरिता घिमिरेले आड्रा नेपालमा नोभेम्बर सन् १९९४ देखि अक्टोबर २००८ सम्म वित्तिय संकायमा विभिन्न पदमा रहेर काम गर्नुभयो । उहाँले आड्रा नेपालको लागि वित्तिय तथा प्रशासनिक निर्देशक भएर दिनुभएको योगदानलाई हामी कदर गर्न चाहन्छौं । उहाँ र उहाँको परिवार बसोबासका लागि अष्ट्रेलिया जान लागेकोले उहाँहरूलाई आड्रा नेपाल परिवार हार्दिक शुभकामना दिन चाहन्छ ।

